नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

☎ ०२७-५२०५५५
☎ ०२७-५२०१२५
🖷 ०२७-५२०१८८
Email :
cdoilam@gmail.com

पत्र सख्या :-०७७।७८
चलानी नम्वर :-

## प्रेश बिज्ञप्ति

**मिति २०७८-१-२६**

**निर्णयहरु**

कोभिड -१९ जिल्ला संकट ब्यबस्थापन केन्द्रको मिति २०७८।१।२६ को बैठकबाट इलाम जिल्ला सदरमुकामलाई लक्ष गरी मिति १०७८।१।२१ मा भएको निर्णयको अबधि समेतसंग सामान्जस्य हुने गरी हाललाई २०७८।१।३१ सम्मका लागि देहाय बमोजिम थप निर्णयहरु भएको ब्यहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना गरिएको छ :-

**निर्णय न १**

इलाम बजार क्षेत्रभित्र आवागमन नियन्त्रण गर्ने लगायतका बिषयहरुको प्रभावकारी कार्यान्वयन भईरहेको र त्यसले संक्रमणको तिब्रतालाई नियन्त्रण गरेको निष्कर्ष निकालियो ।

**निर्णय न २**

जिल्ला भरिका सबै नगरपालिका र गाँउपालिका क्षेत्रभित्र पर्ने वजार क्षेत्रहरुमा रहेका अत्याबश्यक सामाग्रीहरुका पसलहरु (जस्तै खाध्यान्न र औषधी पसलहरु) बाहेक अन्य सबै प्रकारका पशलहरु बन्द गर्ने ।

**निर्णय न ४**

इलाम जिल्लाभरी अत्याबश्यक सेवाका सबारी साधनहरु, खाध्यान्न, कृषि उपज, मल, बिउ र निर्माण सामाग्रीहरु बोकेका सवारी साधनहरु बाहेकका यात्रुबाहक सवारी साधनहरुको आवागमनलाई पुर्णरुपमा नियन्त्रण गर्ने ।

**निर्णय न ५**

कोभिड १९ को महामारीले सृजना गरेको बिकराल परिस्थितिमा अक्सिजनको अभाबमा कूनै पनि बिरामीले अकालमा ज्यान गुमाउन नपरोस भनी आ आफ्नो क्षेत्रबाट स्वास्थ्य क्षेत्रलाई सक्दो सहयोग गर्न अक्सिजनका सिलिण्डर रहेका ब्याक्तिहरु, उध्योग, कलकारखाना, सन्चालनमा रहेका तथा निर्माणाधिन जलबिधुत आयोजनाहरुमा भएका अक्सिजन सिलिण्डरहरु अभिलेख राखि इलाम अस्पताललाई उपलब्ध गराईदिन सम्वन्धित ब्याक्तिहरु, उध्योग, कलकारखाना तथा जलबिधुत आयोजनाहरुलाई अनुरोध गर्ने । इलाम अस्पतालले ति खाली सिलिण्डरहरु रिफिल गरि गराई आबश्यक परेका बखत कोभिड-१९ बाट संक्रमित भएका बिरामीहरुले प्रयोग गर्ने ब्यबस्था मिलाउने ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

☎ ०२७-५२०५५५
☎ ०२७-५२०१२५
🖷 ०२७-५२०१८८
Email : cdoilam@gmail.com

पत्र सख्या :-०७७।७८

चलानी नम्वर :-

**निर्णय न ६**

कतिपय मानिसहरु जिल्ला बाहिरबाट समुदायमा प्रबेश गरि घुलमिल गर्ने र रोग लागेपछि आधिकारिक स्थानहरुमा सुचना तथा जानकारी नगराई बसिदिदा रोग संक्रमण र स्वास्थय अवस्था गम्भीर हुन जाने सम्भावना रहेकोले बाहिरबाट आउने मानिसहरुले अनिबार्य रुपमा होम क्वारेन्टाइनमा बस्ने र त्यसको जानकारी आफ्नो वडालाई दिने तथा बडाले पनि नियमित होम क्वारेन्टाइनको अनुगमन गर्ने तथा रोग संक्रमण भई सकेका ब्याक्तिहरुले रोग नलुकाई नजिकको स्वास्थ्य संस्था/स्थानीय तहहरुलाई जानकारी गराई समयमै आबश्यक परामर्श सल्लाह र सुझाब लिन सम्पूर्ण जिल्लाबासीहरुमा अनुरोध गर्ने ।

**निर्णय न ७**

सबै स्थानीय तहहरुलाई संक्रमितहरुको कन्टयाक ट्रैसिङ्को कामलाई प्रभावकारी वनाउन CICT टिमलाई प्रभावकारी रुपमा परिचालन गर्न अनुरोध गर्ने ।

**निर्णय न ८**

कोभिड-१९ को संक्रमणबाट कोहि कसैको मृत्यु भएमा ब्यबस्थापनका लागि मापदण्ड बमोजिमको शबदाहस्थल पहिचान गरि पठाउन र शब बाहन/एम्बुलेन्स आबश्यक परेका बखत प्रयोग गर्न सक्ने गरि प्रबन्ध मिलाई राख्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

**झरेन्द्र प्रसाद चापागाई**
**सहायक प्रमुख जिल्ला अधिकारी**